# सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

# पुराना फर्निचर प्रतिस्थापन योजना

(Furniture Replacement Plan-FRP)

गणेशप्रसाद दहाल
सहायक क्याम्पस प्रमुख

बलराम पोखरेल
सहायक क्याम्पस प्रमुख

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

केशवराज भट्टराई
सहायक क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

२०८०

**१. योजनाको अवधारणा**

यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङको कक्षाकोठमा प्रयोग भइरहेका डेक्स बेञ्चहरूलाई प्रतिस्थापन गरी समयानुकुल, सुविधाजनक र विद्यार्थी मैत्री फर्निचर व्यवस्थापन गर्नु वाञ्छनीय भएकाले 'पुराना फर्निचर प्रतिस्थापन योजना२०८०' (Furniture Replacement Plan - FRP, 2080) तर्जुमा गरी कार्न्वयनमा ल्याइएको छ ।

कक्षाकोठामा सखुवा जातका काठको प्रयोग गरी निर्माण भएका कतिपय फर्निचरहरू टुटफुट भएका, असुविधाजनक भएका, विद्यार्थीका झोला वा पुस्तक आदि सुरक्षित गर्न डेक्समा र्याक नभएका,कतिपय डेक्स र बेन्च फुटेका, हल्लिएका र कतिपय कक्षाकोठामा फर्निचर व्यवस्थापन कारण कोठा साँघुरो भएको हुँदा ती फर्निचरको क्रमशः सुधार, मर्मत थप र प्रतिस्थापन गर्नेगरी यो योजना तर्जुमा गरिएको छ ।

**२. पुराना फर्निचर प्रतिस्थापन योजना**

(१) यस वर्षदेखि प्रत्येक वर्ष साखु जातका प्रयोग भइरहेका डेक्सबेञ्चहरू मर्मतसंभार गरी ती फर्निचरहरूमा विद्यार्थीका झोला तथा पुस्तक सुरक्षित गर्न सकिने गरीको र्यायकसहितको फर्निचर मर्मत तथा पुनर्निमाण गर्ने ।

(२) प्रयोग भइरहेका कक्षाकोठाका फर्निचरहरूको नियमित चेकजाँच गरी तत्काल मर्मतसंभार गर्ने ।

गणेशप्रसाद दहाल
सहायक क्याम्पस प्रमुख

केशवराज भट्टराई
सहायक क्याम्पस प्रमुख

बलराम पोखरेल
सहायक क्याम्पस प्रमुख

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा नगरपालिका, मोरङ
स्था. २०४८

(३) प्रयोग भइरहेका कक्षाकोठाका पुराना फर्निचरहरूको सङ्ख्याका आधारमा प्रत्येक वर्ष १५ प्रतिसतका दरले समयानुकुल, सुविधाजनक र विद्‌यार्थी मैत्री फर्निचर प्रतिस्थापन गर्ने ।

(४) यस वर्ष देखि सात वर्षसम्ममा पुराना फर्निचर प्रतिस्थापन गरी समयानुकुल, सुविधाजनक र विद्‌यार्थी मैत्री फर्निचर व्यवस्थापन गर्ने ।

(५) प्रत्येक वर्ष टुटफूट हुनआउने झ्याल, ढोका, छेस्किनी, चुकुल, हेण्डिल, सिसा आदिको सोहिवर्ष मर्मत संभार गर्ने ।

(६) प्रयोग भइरहेका सुविधाजनक र विद्‌यार्थी मैत्री फर्निचरहरूमा टुटफुट भएमा तत्काल मर्मतसंभार गर्ने।

(७) तत्काल मर्मत संभार हुन नसक्ने फर्निचरलाई बुँदा (३) मा उल्लिखित योजनाअनुसार प्रतिस्थापन गर्ने ।

(८) कार्यालय, पुस्तकालय, विभाग र फाँटहरूमा प्रयोग गरिने फर्निचरहरू प्रत्येक वर्ष समयानुकुल, सुविधाजनक र गुणस्तरीय बनाउने ।

**३. पुराना फर्निचर प्रतिस्थापन गर्ने आर्थिक योजना**

बुँदा नं. २ मा उल्लिखित कार्य गर्नका लागि देहायबमोजिम आर्थिक व्यवस्थापन गर्नेः

(१) प्रत्येक वर्ष क्याम्पसको बजेटबाट सञ्चालन खर्चको एक प्रतिसत बजेट विनियोजन गरी पुराना फर्निचरहरू प्रतिस्थापन गर्ने प्रक्रिया अवलम्बन गर्ने।

गणेशप्रसाद दहाल
सहायक क्याम्पस प्रमुख

केशवराज भट्टराई
सहायक क्याम्पस प्रमुख

बलराम पोखरेल
सहायक क्याम्पस प्रमुख

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

(२) पुराना फर्निचर प्रतिस्थापन गर्नका लागि क्याम्पसले प्रस्तावना तयार गरी प्रदेश सरकार, स्थानीय नगरपालिका, सामुदायीक वन, सहकारी र अन्य निकायहरूमा पेस गर्ने ।

(३) पुराना फर्निचर प्रतिस्थापन गर्ने विश्वविद्यालय अनुदान आयोग नेपालमा प्रस्तावना पेस गर्ने ।

(४) पुराना, टुटेफुटेका, मर्मतसंभार हुन नसक्ने र काम नलाग्ने फर्निचरहरू लिलाम बढाबढमा विक्री गरी सो वापत प्राप्त रकमलाई फर्निचर व्यवस्थापनमा खर्च गर्ने ।

(५) पुराना फर्निचर प्रतिस्थापन गर्ने नीतिमा निरन्तरता दिने ।

**४. लगत राख्ने**

(१) सिकर्मीको सहयोगमा प्रतिस्थापन गर्नु पर्ने फर्निचरहरूको एकिन गरी लगत राख्ने ।

(२) मर्मत संभार गरी पुनर्निमाण गर्दा उपयुक्त हुने फर्निचरहरूको लगत लिई त्यस्ता फर्निचरको पुनर्निर्माण गर्ने ।

(३) लिलाम विक्री गरिएका पुराना फर्निचरको विवरण खुलाई लगत राख्ने ।

(४) पुराना र नयाँ फर्निचरको विवरण खुलाई लगत राख्ने ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

केशवराज भट्टराई
सहायक क्याम्पस प्रमुख

बलराम पोखरेल
सहायक क्याम्पस प्रमुख

गणेशप्रसाद दहाल
सहायक क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८